जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.वि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक ५१ २०८२ साल असोज १ गते बुधबार (17 Sep 2025 Wednesday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in :** *rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : अर्थमन्त्री खनालले कार्यान्वयन... ३ पृष्ठमा : 'संकट अस्थायी हो, ... ३ पृष्ठमा : अफगान सीमा नजिक ...

# सबै जुटे सरसफाईमा



**दैनिक समाचारदाता**
**राजविराज, ३१ भदौ ।**

जेनजी आन्दोलनका क्रममा सरसफाई कार्यमा प्रयोग गरिने सबै सवारीसाधन जलेर नष्ट हुँदा एक सातादेखी राजविराज नगरको फोहर उठ्न नसक्दा मंगलबार राजविराज नगरपालिकाको अगुवाईमा विशेष सरसफाई अभियान चलाईएको छ ।

कार्यवाहक नगरप्रमुख इसरत परवीनको अगुवाईमा थालिएको विशेष सरसफाई अभियानमा प्रदेश सांसद किरण कुमारी साह, पत्रकार महासंघका अध्यक्ष श्रवणकुमार देव, सप्तरी युथका कार्यवाहक अध्यक्ष मोहन यादव, प्रहरी नायव उपरीक्षक जितेन्द्र कुमार बस्नेतका साथै सुरक्षाकर्मी र स्थानिय अगुवाहरु सहभागी भए ।

आन्दोलनको निहुमा केही अराजक तत्वले नगरपालिकाको एम्बुलेन्स र वारुणयन्त्रका साथै फोहर उठाउन प्रयोग गरिने सबै ट्याक्टर र टिपरहरु जलाई दिएपछि फोहोर उठाउन नसकी नगर दुर्गन्धित बनदै थियो । जसकारण विभिन्न रोगको संक्रमण फैलिने सम्भावनालाई मध्य नजर गरी यस्तो अभियान चलाइएको कार्यवाहक नगरप्रमुख परवीनले बताइन् ।

उनले यस कार्यमा निस्वार्थ रुपमा हातेमालो गर्न सबै संग आग्रह समेत गरिन् । उनले तोडफोड र आगजनीबाट ध्वस्त भएको नगरपालिका कार्यालयको पुनःनिर्माण र आवश्यक बन्दोबस्तीका सामानको व्यवस्थापन गरी केही दिन भित्रै नगरवासीलाई सहज रुपमा सेवा प्रदान गर्न आफूहरु लागि परेको बताईन् ।

सरसफाईमा सहभागी सप्तरी युथका कार्यवाहक अध्यक्ष मोहन यादवले जेनजी आन्दोलनका क्रममा भएको क्षति कसैको एकल प्रयासबाट मात्रै सम्हाल्ने र पुर्ती गर्ने अवस्था नरहेकाले सबै जुटेर प्रयास थालेको बताए ।

प्रदेश सांसद किरण कुमारी साहले आन्दोलनका क्रममा छिरेका केही घुसपैठियाहरुले सार्वजनिक सम्पती तथा फोहोर मैला व्यवस्थापनमा प्रयोग गरिने सार्वजनिक सवारी साधन समेत जलाएर अपराधिक काम गरेको उल्लेख गर्दै नगरवासीलाई विभिन्न रोगको महामारीबाट जोगाउन थालिएको बृहत सरसफाई अभियानमा सबैले सहयोग गर्नुपर्नेमा जोड दिईन् ।

# जनप्रतिनिधि र कर्मचारीको तलब भत्ताबाट राष्ट्र पुनर्निमाण कोषमा ५ लाख ५१ हजार



**दैनिक समाचारदाता**
**राजविराज, ३१ भदौ ।**

सप्तरीको छिन्नमस्ता गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुले राज्यबाट आफूले पाउने तलव भत्ता मध्ये दुई दिन बराबरको तलब भत्ता राष्ट्र पुनर्निमाण कोषमा दिने निर्णय गरेको छ ।

गाउँपालिका अध्यक्ष विद्यानन्द चौधरीको पहलमा मंगलबार जनप्रतिनिधि तथा कर्मचारीहरुको बसेको संयुक्त बैठकले यस्तो निर्णय गरेको हो ।

अध्यक्ष चौधरीले जेनजी आन्दोलनका क्रममा भएको अकल्पनिय क्षतिलाई पुर्ती गर्न र पुनर्निमाणमा सहयोग गर्ने उद्देश्यका साथ आफूहरुले राज्यबाट पाउने तलव भत्ता मध्येबाट दुई दिनको कटाएर जम्मा हुन आएको कूल ५ लाख ५१ हजार रुपैयाँ राष्ट्र पुनर्निमाण कोषमा जम्मा गर्ने सर्व सम्मत निर्णय भएको बताए ।

बैठकले जेनजी आन्दोलका क्रममा शहादत प्राप्त गरेका शहिदहरुप्रति श्रद्धान्जली तथा घाइतेहरुको शिघ्र स्वास्थ्यलाभको कामना गर्दै पारदर्शिता, सुशासन र जनतामुखी सेवा प्रवाह प्रति अटल रहि पुनर्निमाण तथा विकास यात्रामा सक्रियताका साथ अघि बढने निर्णय गरेको गाउँपालिकाले जनाएको छ ।

# आन्दोलनका क्रममा हतियार लुट्ने दुईजना पक्राउ

**दैनिक समाचारदाता**
**जनकपुरधाम, ३१ भदौ ।**

'जेनजी' आन्दोलनका क्रममा जनकपुरधाम उपमहा नगरपालिका-९ स्थित मधेस प्रदेश लोक सेवा आयोगको कार्यालयबाट लुटिएको हतियारसहित दुईजनालाई सोमबार पक्राउ गरिएको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार आयोगको कार्यालयमा सुरक्षार्थ खटिएका नेपाल प्रहरीको एकथान एसएलआर राइफलसहित उपमहानगरपालिका वडा नं ९ का ३७ वर्षीय मनिषकुमार अधिकारी तथा २१ वर्षीय सन्तोषकुमार यादवलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

कार्यालय तोडफोड, आगजनी र लुटपाट गर्ने क्रममा प्रहरीसँग रहेको ५० राउण्ड गोलीसहित एकथान राइफलसमेत लुटिएकोमा 'सिसिटिभी' भिडियोका आधारमा

*बाँकी अन्तिम पृष्ठमा*

# सिरहामा ३७ वटा भौतिक संरचनामा क्षति

**दैनिक समाचारदाता**
**सिरहा, ३१ भदौ ।**

जेनजी आन्दोलनका क्रममा जिल्लामा १२ स्थानीय तहका कार्यालयसहित कम्तीमा ३७ वटा भौतिक संरचनामा तोडफोड र आगजनी भएको छ ।

जिल्ला प्रहरी कार्यालयले सङ्कलन गरेको प्रारम्भिक विवरणअनुसार सरकारी र निजी दुवै सम्पत्तिहरूमा पूर्ण, आंशिक र सामान्य क्षति पुगेको छ । जिल्ला प्रहरीका सूचना अधिकारी वीरेन्द्रकुमार पासवानका अनुसार, प्रदर्शनका क्रममा सात वटा वडा कार्यालयमा तोडफोड तथा आगजनी गरिएको छ ।

आन्दोलनकारीले जिल्ला अदालत, नापी कार्यालय, जिल्ला सरकारी वकिल कार्यालय, आन्तरिक राजस्व कार्यालय लहान, डिभिजन वन कार्यालय लहान, यातायात व्यवस्था विभाग लहान, नेपाल खाद्य संस्थान लहानलगायतका कार्यालयमा तोडफोड र आगजनी गरेका छन् ।

पूर्वमन्त्री लीलानाथ श्रेष्ठ, सङ्घीय सांसद तथा स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री शत्रुधनप्रसाद सिंह, गोलबजार नगरपालिका प्रमुख श्याम श्रेष्ठ, धनगढीमाई

*बाँकी अन्तिम पृष्ठमा*

**संविधानको एक दशक ।**

- संविधान देशको मुल कानून हो,
- संविधानप्रदत्त हक र अधिकारको रक्षा गर्नु सबैको कर्तव्य हो,
- संविधान अनुरुप बनाइएका कानूनको उद्देश्य नागरिक अधिकारको रक्षा गर्नु हो,
- संविधानसँग बाझिने कानूनहरू बाझिएको हदसम्म अमान्य हुन्छन्
- नेपालको संविधान जारी भएको एक दशक पुरा भएको अवसरमा संविधान दिवश भव्य रुपमा मनाऔं ।

संविधानको पालना गर्नु सबैको कर्तव्य हो !

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### सामाजिक संजाल र यसको प्रयोग

अहिले मुलुकमा सामाजिक संजालको प्रयोगकर्ता निकै बढेको छ । विगतको सरकारले सामाजिक संजालमा प्रतिबन्ध लगाएपछी जेनजी आन्दोलनका कारण सरकारनै परिवर्तन भएको छ । यसको प्रयोगकर्तामा सबैभन्दा बढी युवा वर्ग नै देखिएका छन् । तर यो चलाउँदा एकदमै सावधानी अपनाउने अवस्था आएको छ । सामाजिक संजालको सकारात्मक र नकारात्मक दुबै पक्ष छ । यसलाई ज्ञानवर्द्धक रुपमा चलाउन सकिए निकै सकारात्मक सन्देशहरु हासिल गर्न सक्छौं । तर नकारात्मक तरीकाले प्रयोग गरे जिवन नै धरापमा पार्ने र विभिन्न अपराधका घटनामा पर्न सक्ने सम्भावना समेत रहेको छ । अधिकांशले यसलाई मनोरन्जनको रुपमा बढी प्रयोग गरेको पाइन्छ । बालबालिकादेखी बृद्धबृद्धासम्मले यसलाई प्रयोग गरेको देखिन्छ ।

यता यसको प्रयोगका कारण बालबालिकाहरुको पढाईमा बाधा पुगेको छ । बालबालिकाहरु पढाई छोडेर दिनभर मोबाइलमार्फत सामाजिक संजाल प्रयोग गरेको देखिन्छन् । जसले गर्दा उनीहरु एकहोरो समेत बन्दै गएका छन् । यस्तै जुनसुकै बेला पनि मोबाइलमार्फत सामाजिक संजाल अल्झिरहनुले घर वा बाहिर एक मानिसले अर्को मानिससँग बोल्न सम्म भ्याइरहेका हुँदैनन् । फेसबुक, मेसेन्जर, ह्वाटसएप, भाइबर, ट्वीटर, इमोजस्ता सामाजिक संजालको प्रयोग व्यक्तिले गरिरहेका छन् । सामाजिक संजालले प्रयोगकर्तालाई सहज बनाएको छ भने प्रत्यक्ष रुपमा सम्बन्ध समेत बिगार्दै गएको छ । यसले जति सहजता उत्पन्न भएको छ, त्यत्ति नै यसको दुरुपयोग समेत भइरहेको छ । यसबाट अपराध पनि हुन थालेको छ । जसलाई साइबर अपराध भनिन्छ ।

तसर्थ यस्ता अपराध हुनबाट जोगिन व्यक्ति आफै सतर्क हुनु जरुरी छ भने यसको प्रयोग गर्दा अत्यन्त सावधानी अपनाउनु पनि आवश्यक छ । सकेसम्म सीमित मात्रा यसको प्रयोग गर्नु उचित हुन्छ । सामाजिक संजालको प्रयोग बानीको रुपमा नगरेर मनोरञ्जनको रुपमा मात्र लिन सकिए अति उत्तम हुन्छ ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# अर्थमन्त्री खनालले कार्यान्वयन गर्ने भनेको प्रतिवेदनमा के छ ?

**हेमन्त जोशी**
काठमाडौं, ३१ भदौ (रासस) ।

नवनियुक्त अर्थमन्त्री रामेश्वरप्रसाद खनालले सोमबार कार्यभार सम्हाल्दै उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको प्रतिवेदन कार्यान्वयन गरिने बताउनुभएको छ ।

अर्थतन्त्र सुधारका लागि खनालकै संयोजकत्वमा गठन गरिएको आयोगले २०८१ चैत २९ गते विभिन्न सुझाव र सिफारिससहित सरकारलाई प्रतिवेदन बुझाएको थियो । अन्तरिम सरकारले के-कति सुधारका काम गर्न सक्ला ? भन्ने शङ्काको सुविधा छ । यद्यपि, खनालले भ्रष्टाचार निवारण तथा सुशासन, बजेटमा परेका योजनाको प्राथमिकीकरण तथा खर्च कटौती, पुनर्निर्माण, निजी क्षेत्रको मनोबल विकासमा काम केन्द्रित हुने बताउनुभएको छ । अघिल्लो सरकारले ल्याएको बजेटबाटै सुधार थाल्ने उल्लेख गर्दै अर्थमन्त्री खनालले मुलुकको समग्र अर्थतन्त्र सुधार र सार्वजनिक वित्त व्यवस्थापनका लागि उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगले गरेका सिफारिस कार्यान्वयन गरिने बताउनुभयो । उक्त प्रतिवेदनमा के-कस्ता सुधारका उपायहरू औंल्याइएका थिए भनेर राससले प्रमुख बुँदाहरू यहाँ उल्लेख गरेको छ ।

गत चैत २९ गते आयोगले सरकारलाई बुझाएको प्रतिवेदनमा शिथिल अवस्थामा रहेको मुलुकको अर्थतन्त्र चलायमान बनाउन हस्तक्षेपकारी भूमिका निर्वाह गर्न सिफारिस गरेको थियो । आन्तरिक बजार मागमा ह्रास र लगानीमा वृद्धि हुन नसक्नुलाई अर्थतन्त्रको मुख्य चुनौतीका रुपमा आयोगले उजागर गरेको थियो । "उपभोगको वृद्धिदर घट्नु र लगानीमा ह्रास आउनु अर्थतन्त्रको वर्तमान चरित्रका रुपमा देखिएको छ । कर्जा वृद्धि कम हुनु, घरजग्गाको कारोबारमा ह्रास आउनु, सहकारीमा लाखौं मानिसको बचत फस्नु, सरकारले गर्नुपर्ने भुक्तानी समयमा नहुनु, उधारो असुलीमा समस्या आउनु र निर्माण क्षेत्र सङ्कटग्रस्त बन्दै गएकाले उपभोग र लगानीमा ह्रास आएको देखिन्छ", तत्कालीन अर्थमन्त्री विष्णुप्रसाद पौडेललाई प्रतिवेदन बुझाउँदै खनालले भन्नुभएको थियो । समस्या देखिएका यी क्षेत्रमा सरकारले तत्काल नीतिगत हस्तक्षेप गरी अर्थतन्त्रलाई सही दिशा दिनुपर्ने आयोगको सुझाव थियो ।

आयोगको प्रतिवेदनले आयातमा निर्भरता, उत्पादकत्वमा स्थायी अवरोध, निजी क्षेत्रको सशक्त भूमिकाको अभाव, वित्तीय क्षेत्रमा कमजोर अनुशासन, सार्वजनिक खर्चको कार्यक्षमता अभाव, र श्रम बजारको प्रभावहीन संरचनालाई प्रमुख समस्या मानेको छ । यस्ता संरचनात्मक समस्याको दीर्घकालीन समाधानका लागि नीतिगत स्पष्टता, संस्थागत जिम्मेवारी तथा पारदर्शिता र समन्वयात्मक ढंगले कार्यान्वयन प्रणालीको विकास अपरिहार्य रहेको उल्लेख छ ।

तत्काल विद्यमान आर्थिक शिथिलता अन्त्य गरी अर्थतन्त्रलाई गतिशीलता प्रदान गर्ने, आर्थिक अवसरहरू सिर्जना गर्ने, विश्वासमा आधारित प्रणाली निर्माण गर्ने, उपलब्ध प्राकृतिक स्रोतको दिगो तथा सर्वोत्तम उपयोग गर्ने, सीमारहित अर्थतन्त्र निर्माण गर्ने, र समष्टिगत आर्थिक स्थायित्व कायम गर्दै आर्थिक वृद्धि दर बढाउने विषयलाई केन्द्रमा राखेर सुधार थालिनुपर्ने आयोगका सुझाव थिए ।

त्यसैगरी आर्थिक सुशासन, निजी क्षेत्र अभिवृद्धि, वित्तीय क्षेत्र सुदृढीकरण, सार्वजनिक सेवा तथा पूँजीगत खर्च सुधार, श्रम बजार सुधार, सामाजिक क्षेत्रको प्रभावकारितालगायतका सुझाव उक्त प्रतिवेदनमा समेटिएका थिए ।

अर्थतन्त्र सुधारको सुरुआत सुशासनबाट हुनुपर्ने ठहर गर्दै आयोगले पारदर्शी नीति निर्माण, परिणाममुखी योजना तथा कार्यक्रम निर्माण, लागत-लाभ विश्लेषणमा आधारित सरकारी बजेट निर्माण र अनावश्यक नियमकीय हस्तक्षेप अन्त्यका लागि पनि सिफारिस गरेको छ । अर्थमन्त्रीको कार्यभार सम्हालेलगत्तै खनालले चालु आर्थिक वर्षको बजेटमा परेका टुक्रेयोजना, राजनीतिक प्रभावमा बजेटमा परेका योजना र पूर्वतयारी नभएका योजना कटौती गर्ने भन्दै त्यस्ता आयोजना पहिचान गर्न निर्देशन दिइसक्नुभएको छ ।

निजी क्षेत्रलाई विकासको मुख्य इञ्जिन मान्दै आयोगले 'निजी क्षेत्र अनुकूल वातावरण' निर्माणमा जोड दिएको थियो । नवनियुक्त अर्थमन्त्री खनालले पनि निजी क्षेत्रको खस्केको मनोबल उकास्नु प्रमुख प्राथमिकता रहेको दोहो-याउनुभएको छ । लगानीमैत्री नीति, श्रम ऐनमा लचकता, श्रम-पुँजी-प्रविधि समन्वयको प्रवर्द्धन तथा सार्वजनिक-निजी साझेदारी (पिपिपी) मा स्पष्ट नीति निर्माण आवश्यक रहेको आयोगको ठहर थियो । साना तथा मझौला उद्योगलाई औपचारिकीकरण गर्दै वित्तीय पहुँच, बजार सुनिश्चितता तथा प्रविधि हस्तान्तरण सुनिश्चित गरिनुपर्ने आवश्यकता आयोगले औंल्याएको थियो ।

आयोगको प्रतिवेदनमा सार्वजनिक क्षेत्रको सुधारका लागि पुँजीगत खर्चमा पारदर्शिता, योजनाको प्राथमिकताक्रमको पुनरावलोकन तथा कार्यान्वयन क्षमतामा आधारित बजेट निर्माणमा जोड दिइएको छ । पछिल्ला वर्षहरूमा पुँजीगत खर्चको न्यून कार्यान्वयन तथा खर्चको अन्तिम त्रैमासिकमा बढी खर्च हुने प्रवृत्तिले सार्वजनिक स्रोतको दुरुपयोग बढाएको आयोगको बुझाइ छ । योजनाको लागत र समयसीमालाई प्रमुख मानक बनाएर ठेक्का प्रणाली सुधार गर्ने र 'डिजिटल ट्र्याकिङ' प्रणाली अवलम्बन गर्नेलगायतका सिफारिस आएका थिए ।

श्रम बजार सुधारका लागि प्रविधियुक्त रोजगार सिर्जना, वैदेशिक रोजगारमा निर्भरता घटाउने, महिला तथा युवाको सहभागिता बढाउने र सीप विकासमा सरकार-निजी क्षेत्र सहकार्यको प्रणाली विकास गर्नुपर्ने आयोगले आफ्नो प्रतिवेदनमा उल्लेख गरेको छ । सीप विकास संस्थानहरूलाई पुनःसंरचना गर्दै बजारको मागअनुसार तालिम संरचना बनाउने र प्रविधिमा आधारित सीप परीक्षण तथा प्रमाणीकरण प्रणाली लागू गर्ने उपायहरू प्रतिवेदनमा समावेश छन् ।

शिक्षा प्रणालीलाई रोजगारी तथा उत्पादनसँग जोड्ने, स्वास्थ्य सेवामा गुणस्तरको मानक लागू गर्ने, सामाजिक सुरक्षालाई पुनःसंरचना गर्ने प्रस्ताव गरिएको छ । सामूहिक बिमा प्रणाली, बहुआयामिक गरिबी मापन प्रणालीको विकास र डिजिटल प्रणालीमार्फत सेवा प्रवाहलाई समावेशी बनाउन आयोगले विशेष जोड दिएको छ । यस्ता उपायले दिगो मानव विकासको आधार तयार गर्ने अपेक्षा गरिएको छ ।

सङ्घीयता कार्यान्वयनलाई प्रभावकारी बनाउन पनि आयोगले महत्त्वपूर्ण सुझाव दिएको छ । सङ्घीय संरचनाअनुसार वित्तीय समानता, सेवा प्रवाहमा स्पष्ट जिम्मेवारी बाँडफाँट तथा प्रदेश-स्थानीय तहको राजस्व संकलन क्षमताको विकासजस्ता विषयहरूलाई आयोगले महत्वका साथ उठाएको छ ।

त्यसैगरी राजस्व बाँडफाँटसम्बन्धी विद्यमान सुत्र (फर्मुला) को पुनरावलोकन, अन्तरसरकारी समन्वय निकाय सुदृढीकरण तथा स्थानीय तहमा योजना कार्यान्वयन क्षमताको मूल्याङ्कन प्रणालीको विकास गरिनुपर्ने आयोगका सुझाव छन् ।

वित्तीय क्षेत्र सुधारतर्फ आयोगले सहकारीलाई नियमनको दायरामा ल्याउने, कर्जाको गुणस्तर सुधार गर्ने, तथा वित्तीय साक्षरतामा व्यापक कार्यक्रम ल्याउने सिफारिस गरेको थियो । नेपाल राष्ट्र बैंकले मौद्रिक नीतिमार्फत उत्पादनमुखी कर्जालाई प्राथमिकता दिनुपर्ने तथा ब्याजदर अस्थिरता नियन्त्रण गर्न स्पष्ट रूपरेखा बनाउनुपर्ने आयोगको सुझाव थियो ।

वित्तीय पहुँचको क्षेत्रीय असमानता हटाउँदै ग्रामीण क्षेत्रसम्म औपचारिक वित्तीय सेवा पु-याउने दीर्घकालीन दृष्टिकोण आवश्यक रहेको प्रतिवेदनमा उल्लेख छ । बैंक तथा वित्तीय संस्थाका वास्तविक समस्याग्रस्त ऋणीहरूलाई कर्जा पुनर्तालिकीकरण र कर्जा पुनःसंरचनाको अतिरिक्त व्यवसाय सञ्चालन गर्नसक्ने अवस्था यकिन गरी लक्षित रूपमा थप कर्जा प्रवाह गर्न आयोगले सिफारिस गरेको थियो । व्यापारिक उधारो असुली ऐन जारी गर्ने र व्यावसायिक आर्थिक कारोबारमा विक्रेताले क्रेताको साख मूल्याङ्कन (क्रेडिट स्कोर) हेर्नुपर्ने व्यवस्था लागू गर्ने व्यवस्था मिलाउन सरकारलाई आयोगको सिफारिस थियो ।

समस्याग्रस्त सहकारी संस्थाहरूको सम्पत्ति बिक्री गरेर वा ऋण असुली गरेर निक्षेप फिर्ता गर्न समय लाग्ने भएकाले सरकारले पछि सहकारीको सम्पत्तिबाट असुल गर्ने गरी तत्काल रु पाँच अर्बदेखि रु १० अर्ब निकासा दिएर रु पाँच लाखभन्दा साना बचतकर्ताको निक्षेप फिर्ताको व्यवस्था मिलाइनुपर्ने सुझाव आयोगबाट आएको थियो ।

आयोगले जनकपुर चुरोट कारखानासहित पाँच सार्वजनिक संस्थान खारेज गर्न पनि सरकारलाई सिफारिस गरेको थियो । जनकपुर चुरोट कारखाना, बुटवल धागो कारखाना, नेपाल इञ्जिनियरिङ कन्सलटेन्सी सेवा केन्द्र, नेशनल कन्स्ट्रक्सन कम्पनी नेपाल र नेपाल ओरियन्ड म्याग्नेसाइट प्रालिलाई खारेजीको सिफारिस आएको थियो ।

हेटौंडा सिमेन्ट उद्योग र उदयपुर सिमेन्ट उद्योगको सम्पत्ति तथा दायित्वको मूल्याङ्कन (डिडिए) गरेर गाभ्ने र सरकारको केही हिस्सामात्र राखेर बाँकी निजी क्षेत्रलाई शेयर बिक्री गर्नुपर्ने, नेपाल वायुसेवा निगमको पुनःसंरचना गरी बाह्य रणनीतिक साझेदार भित्र्याएर व्यावसायिक ढङ्गले व्यवस्थापन गरिनुपर्ने आयोगको प्रतिवेदनमा उल्लेख छ ।

दुग्ध विकास संस्थानलाई सात प्रदेशमा रहने गरी प्रदेश सरकारको सार्वजनिक संस्थानको रुपमा परिणत गर्न सिफारिस गरिएको थियो । सार्वजनिक संस्थानमा राजनीतिक हस्तक्षेप नगरी व्यावसायिक ढङ्गले सञ्चालन गर्न विद्यमान कम्पनी ऐनमा संशोधन, सरकारको एकल स्वामित्वमा रहेका पब्लिक लिमिटेड कम्पनीको रूपमा होल्डिङ कम्पनी रहन सक्ने व्यवस्था, सबै सार्वजनिक संस्थानको समयमा लेखा परीक्षणलगायतका सुझाव आयोगमार्फत आएका थिए ।

कार्यसम्पादन सूचकहरू दिएर सार्वजनिक संस्थानहरूमा क्षमतावान व्यक्तिहरू नियुक्ति गर्ने र व्यावसायिक ढङ्गले सञ्चालन गर्न सक्ने गरी स्वायतता प्रदान गर्ने व्यवस्था मिलाउन पनि सरकारलाई सिफारिस गरिएको थियो । त्यस्तै, सार्वजनिक संस्थानहरूलाई पब्लिक लिमिटेड कम्पनीमा रूपान्तरण गरी सर्वसाधारणलाई शेयर बिक्री गर्ने र बण्ड जारी गरेर लगानीको लागि पुँजी परिचालन गर्न सक्ने व्यवस्था मिलाइनुपर्ने उल्लेख छ । सार्वजनिक संस्थानहरूमा कर्मचारीको तलब वा अन्य खर्च भुक्तानी गर्नका लागि ऋण दिन बन्द गरिनुपर्ने पनि आयोगका सुझाव थिए ।

राजस्व न्यायाधीकरणको संरचना सुधार गरी स्तर बढाउनुपर्ने र कर अनुसन्धानका लागि अन्य निकायहरू पनि रहेको सन्दर्भमा राजस्व अनुसन्धान विभाग खारेज गरी अन्य निकायहरूको क्षमता अभिवृद्धि गरिनुपर्ने सुझावसमेत आयोगले दिएको थियो ।

आयोग प्रतिवेदन कार्यान्वयनका लागि निवर्तमान सरकारले गत जेठमा 'आर्थिक सुधार कार्यान्वयन कार्ययोजना, २०८२' समेत जारी गरेको थियो । अर्थतन्त्र सुधारका लागि छ महिनादेखि तीन वर्षसम्म सम्पन्न गरिसक्नुपर्ने समयसीमासहित कार्ययोजना तयार पारिएको छ । कार्ययोजनाअनुसार बैंकिङ प्रणालीको सञ्चालन लागत कम गर्न, क्षमता अभिवृद्धि गर्न र वित्तीय स्थायित्व कायम गर्न कर्जा र निक्षेपको ब्याजदर अन्तर एक वर्षभित्र कम गरिसक्ने लक्ष्य राखिएको छ ।

बैंकिङ प्रणालीको सञ्चालन लागत कम गर्ने, कर्जा र निक्षेपको ब्याजदर कम गर्दै जानेलगायतका कामहरू एक वर्षभित्र गरिसक्ने गरी समयसीमा निर्धारण गरिएको छ । आगामी एक वर्षभित्र अर्थतन्त्रमा ब्याजदरको उतारचढावलाई सम्बोधन गर्न ऋणपत्र बजारको विकास एक वर्षभित्र सक्ने भनिएको छ ।

मुद्रास्फीति नियन्त्रणका लागि सरकारी खर्च कटौती तथा अप्रत्यक्ष करका दरहरूमा कमि ल्याउने काम एक वर्षभित्र गरिसक्ने कार्ययोजनामा उल्लेख छ । भारतीय रुपैयाँसँगको विनिमय दरको विकल्पमा अध्ययन तथा अनुसन्धान गर्ने काम आगामी एक वर्षभित्र गरिसक्ने सरकारको योजना थियो ।

आगामी दुई वर्षभित्र विभिन्न १४ वटा ऐन खारेज गरिसक्ने कार्ययोजनामा उल्लेख छ । खारेज हुने ऐनमा आयकर टिकट दस्तुर ऐन २०१९, कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन २०३२, निजी वन जङ्गल राष्ट्रियकरण ऐन २०१३, प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०१३, क्षतिपूर्ति ऐन २०१९, बिर्ता उन्मूलन ऐन २०१६ लगायतका ऐनहरू खारेज गर्न समितिले सिफारिस गरेको छ । त्यस्तै, बिर्तावालले बिर्तामा रकम लगाई लिन खान नपाउने ऐन २०१५, राजस्व चुहावट ऐन २०५२, विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन २०२१, नेपाल एजेन्सी ऐन २०१४, प्रादेशिक विकास योजनाहरू ऐन २०१३, सामाजिक व्यवहार सुधार ऐन २०३३, नेपाली मुद्राको चलनचल्ती बढाउने ऐन २०१४ र वित्तीय मध्यस्थताको काम गर्ने संस्थासम्बन्धी ऐन, २०५५ लाई आगामी दुई वर्षभित्र खारेज गरिसक्ने गरी कार्ययोजना बनाइएको छ ।

# 'संकट अस्थायी हो, आशा स्थायी'

**टिकाराम सुनार**
काठमाडौं, ३१ भदौ (रासस)।

यही भदौ २३ र २४ मा नेपालमा 'जेनजी' प्रदर्शन भयो। यो नेपालका लागि मात्रै होइन, विश्वकै लागि पछिल्लो शताब्दीकै एक 'विशिष्ट' घटनामा दर्ज भएको छ। 'विशिष्ट' यस अर्थमा कि वर्षौंदेखि मौलाएका 'बेथिति' को प्रतिरोध गर्दै केही घण्टामै 'सत्ता' उलटफेर भएको छ। यस्तो घटना विश्वमै विरलै हुन्छ। २०४६ सालको परिवर्तन र २०६२/६३ पछि देखाइएका सपनालाई नागरिकको बदलिँदो चेतना र आवश्यकतासँग जोड्न नसकेको उकुसमुकुस। उमेरले होइन 'एजेन्डा' प्राथमिकताको विषय हो, तर जति तर्क गरे पनि एउटा व्यक्ति सबै व्यवस्था, काल र परिस्थितिमा 'सर्वकालिक' ग्राह्य हुँदैन। उसको समय, चेतना, वेग र आवश्यकताको सिद्धान्तले पनि त्यो हुँदैन, तर नेपालमा त्यही भइरह्यो, जुन कुरा पछिल्लो पुस्तालाई मन परेन। त्यसको अभिव्यक्ति हो, भदौ २३ र २४ को अवस्था। यो आन्दोलनबारे विविध कोणबाट बहस भइरहेकै छन्, हुनु पनि पर्छ।

यस आन्दोलनले दुईवटा पक्ष बोकेको जस्तो देखिन्छ– एउटा आशा र अर्को सङ्कट। आशाले भ्रष्टाचार, अन्याय र बेथितिको अन्त्य गर्दै सुशासन, सुव्यवस्थासहित सुनौलो भविष्य निर्माणको सपनालाई प्रतिनिधित्व गर्छ। हाल आन्दोलनको घाउ आलै छ। देशका अमूल्य सम्पदा, आर्थिक प्रशासनिक धरोहर खरानी भएका छन्। राष्ट्र निर्माणमा योगदान गर्ने सबै क्षेत्रको आत्मबल कमजोर भएको छ। यद्यपि, राष्ट्रपतिको सुझबुझपूर्ण अभिभावकत्वका कारण तत्काल लोकतन्त्र जोगिएको छ। संवैधानिक सर्वोच्चतालाई स्वीकार्दै अगाडि बढ्ने बाटो खुलेको छ। अब सर्वत्र चिन्ता र चासो छ– देश कसरी उठ्ला ?

यस्तो बेला केवल सङ्कल्पको खाँचो छ। आम नेपालीमा फेरि सपना र आत्मविश्वासको जन्म गराउने सुझबुझपूर्ण नेतृत्वको खाँचो छ। दशवर्षे सशस्त्र द्वन्द्वबाट सम्हालिँदै अगाडि बढेको देश। संविधानसभा र संविधान निर्माणका क्रममा अघिपछि भएका आक्रोशलाई मत्थर गरेर लयमा फर्किएको देश। हामी पटकपटकका आन्दोलन, क्रान्ति र प्रतिक्रान्तिका बीचबाट उठेर हिँडेका छौं। विनाशकारी भूकम्पदेखि तमाम जटिलताका बीचबाट पनि आशा र सपनासहित हिँड्न सफल भएका छौं। के यो एउटा आन्दोलनले भत्किन्छौं, सकिन्छौं त ? पक्कै यो समय पनि बितेर जानेछ। अङ्ग्रेजीमा एउटा भनाइ छ नि 'टाइम हिल्स' अर्थात् समयले उपचार गर्छ। इतिहासले हामीलाई सिकाएको छ–नेपाल कहिल्यै हार्दैन। न द्वन्द्वमा हाऱ्यो, न विपद् वा महामारीमा। भूकम्पमा ढलेका घर फेरि उठे। कोरोना महामारीले छाएको मौनता फेरि हाँसोले गुल्जार भयो। नेपाल पटकपटक ढले पनि फेरि उभिएको छ। त्यसैगरी यसपटक पनि हामी सजिलैसँग उठ्नेछौं। मूर्छित आशा फक्रिनेछ।

यस आन्दोलनबाट नयाँ पुस्ताले दिएको सन्देश स्पष्ट छ–समान न्याय, समान अवसर र उत्तरदायी शासन। हामीले यही आवाज सुन्नुपर्छ। आमनेपालीबीच फेरि एकता र सौहार्द्रताको खाँचो छ। हामी हरेकले सम्हालिनु छ। हरेकले फेरि उठ्नका लागि सङ्कल्प गर्नुपर्नेछ। बुझ्नुपर्ने के छ भने सङ्कटलाई देखाएर वा अन्धकारलाई गाली गरेर मात्र उज्यालो आउँदैन। अब हरेक नेपालीमा साहस र सङ्कल्प आवश्यक छ। उज्यालो स्वतः आउँदैन, कसैले बत्ती बाल्नुपर्छ। त्यसैले एकता, सहिष्णुता र सुशासनतर्फ सामूहिक प्रयास गर्नुपर्छ। समाजमा असुरक्षा, अनिश्चिय, अफवाह फैलाउने र निरासामा डुबेर होइन, सानो-सानो कर्मले आशाको बाटो कोर्नुपर्छ।

हामी सबै विभिन्न अफवाहबाट त्रस्त भएको बेला राष्ट्रपति रामचन्द्र पौडेलले यही भदौ २८ गते गर्नुभएको सार्वजनिक अपिलको भावनालाई बुझौं। उहाँले भने जस्तै संविधान र प्रणाली जोगिएको छ, अब चुनावमार्फत अझ परिपक्व लोकतन्त्रतर्फ अघि बढ्ने अवसर आएको छ। यसलाई सदुपयोग नगरे फेरि सङ्कट आउन सक्छ। "देशको अत्यन्त असहज, विषम र भयपूर्ण परिस्थितिमा कठिन प्रयत्नपश्चात् एउटा शान्तिपूर्ण निकास निस्किएको छ। संविधान बचेको छ, संसदीय प्रणाली बचेको छ र सङ्घीय लोकतान्त्रिक गणतन्त्र कायम रहेको छ। तसर्थ, बडो जुक्तिले प्राप्त अवसरको सदुपयोग गर्दै जनता रिझाउने र आफैँमा सम्हालिँदै आगामी फागुन २१ गते हुने चुनाव सम्पन्न गराउने काममा सहयोग गर्न म सबै पक्षलाई हार्दिक अपिल गर्दछु", राष्ट्रपतिको यो भनाइ प्रस्ट सन्देश पनि हो र चेतावनी पनि। संविधान जोगाउँदै जुक्तिले जोगाएको यो व्यवस्थामा सम्हालिँदै अगाडि बढेमा फेरि उठ्ने अवसर छ। त्यसलाई बेवास्ता गर्दै बहानाबाजी गरेमा सङ्कट तत्कालका लागि टरेको हो, दीर्घकालका लागि होइन। फेरि हामी अनिश्चयतर्फ धकेलिन्छौं। यो चेतावनीलाई पनि अवसरका रूपमा लिएर अगाडि बढौं।

**जेनजी प्रदर्शनपछिको नेपाल : निराशाभन्दा आशाको बाटो**

सम्झिऔं त यही भदौ २३ देखि २७ गतेसम्मको अवस्था। यो विचार लेख्दासम्म ७२ जनाको ज्यान गएको छ भने अझै धेरैजना उपचारकै क्रममा छन्। अर्बौंको सम्पत्तिमा नोक्सान भएको छ। यो आन्दोलनले एकैपटक राज्यको सुरक्षा प्रणाली, सुरक्षा दस्ताको सूचना पहुँच र विश्लेषण क्षमता, राजनीतिक नेतृत्वको सोचको अवस्था छर्लङ्ग भएको छ। भ्रम र अफवाह कति शक्तिशाली छ भन्ने प्रस्ट्याएको छ।

यी विविध पक्षको विश्लेषण हुँदै जाला। आन्दोलनको मूल मुद्दालाई कुनै पनि बहानामा नभड्काऔं। जेनजी प्रदर्शनको मूल माग भ्रष्टाचार, बेथिति, चरम नातावाद, राजनीतिको अपराधीकरण र राज्य संयन्त्रलाई पार्टीकरण गर्ने प्रवृत्तिको अन्त्य गर्नु थियो। दलबीच नीति, सिद्धान्त र युग चेतलाई सम्बोधन गर्नेभन्दा पनि 'सत्ता' मा रहनका लागि हुने भागवन्डा र त्यसैका लागि सबै क्षेत्रलाई 'पङ्गु' बनाएर आफू बलियो हुने प्रवृत्तिलाई युवा पुस्ताले अस्वीकार गरेका हुन्। त्यसैले अब अफवाहलाई चिर्दै भत्काउन खोजिएको आत्मबललाई कमजोर हुन नदिऔं। केही सकिएको छ, तर धेरै बाँकी नै छ। सहरका गल्लीमा सपना बोकेर हिँड्ने युवा अझै छन्। गाउँको खेतमा पसिना बगाइरहेका किसान अझै काम गर्न तयार छन्। आमा-बुबाको आँखामा सन्तानको उज्यालो भविष्य देख्ने विश्वास अझै छ। यी सबै कुराले चिच्याएर भनिरहेका छन्–देश अझै बाँकी छ। जनतामा विवेक अझै बाँकी छ। आशा अझै बाँकी छ।

यतिबेला सर्जक कालीप्रसाद रिजालले लेखेका शब्द र संविधानविद् तथा सर्जक अर्जुन मिलन (डा भिमार्जुन आचार्य) गीतका सानो पङ्क्ति सम्झौं:
सबैले त देशबाट लिन्छु केवल लिन्छु भने,

तिमीचाहिँ देशलाई म त दिन्छु केही भन्देउ न है।

अब हरेक नागरिकमा साहस चाहिएको छ। नयाँ बिहान हरेक रात पछाडि नै आउने हो भन्ने सकारात्मक दृष्टिसहित काम गर्न आवश्यक छ। लोकतन्त्रमा दलबिनाको कल्पना पनि गर्न सकिँदैन, त्यसैले अब दलले सुधेर अगाडि बढ्नुको विकल्प छैन। आफ्नो असहमति स्वस्थ ढङ्गले राखौं। दलभित्र 'लोकतन्त्र' स्थापना गरौं। अब आफूभित्रका योग्य पुस्तालाई विश्वास गरौं। हिजो जे भयो भयो इन्तु, किन्तु, परन्तु नभनी अब पार्टीभित्रै सबैले समान अवसरको गोरेटो बनाइदिऔं।

**निराशाको बीचमा आशाको खोजी**

परिवर्तन आम नेपालीको माग हो। कुनै पनि माध्यमबाट यो पोखिनेवाला थियो नै। त्यसका पछाडि थुप्रै कारण छन्। यसपटक 'जेनजी' प्रदर्शनका नाममा परिवर्तनको चाहना पोखियो। सुशासन र भ्रष्टाचारविहीन शासन, पुरातनवादी सत्ता अभ्यासमा परिवर्तनको मागसहित उठेको यो प्रदर्शनले दुई दिनमै कायापलटको अवस्था बनाइदियो। त्यही बीचमा यो तहको विध्वंसले कसरी स्थान पायो र त्यसको मक्सद के हो भन्नेबारे भविष्यमा पर्दा खुल्दै जाला, खुल्नै पर्छ। तथापि, अब त्यसैका पछाडि लागेर निराशाको खाडल गहिरो बनाउन नलागौं। अहिले सङ्कट छ, तर आशा पनि छ। हाम्रै विगत र हाम्रो जस्तै सङ्कट बेहोरेर उठेका विश्वका अन्य उदाहरणबाट पाठ सिक्दै सुन्दर भविष्य निर्माणमा जुट्नुको विकल्प हामीसँग छैन। यी तमाम अनुभवले एउटा कुरा देखाउँछ– सङ्कट स्थायी हुँदैन।

यो तहको विध्वंस नयाँ र अनपेक्षित भए पनि नेपालमा राजनीतिक प्रदर्शनको कुरा नयाँ होइन। २००७ सालअघिको आन्दोलनले राणशासनको एक सय चार वर्षको इतिहास मेटायो। प्रजातन्त्रको विजारोपण भयो। २०४६ सालको जनआन्दोलनले बहुदलीय व्यवस्था ल्यायो। निर्दलीय पञ्चायतलाई च्यूत गर्दै प्रजातन्त्र बहाली भयो। दश वर्ष लामो हिंसात्मक द्वन्द्वबाट बाहिर आयौं। २०६२/६३ सालको जनआन्दोलनले वंशवादमा आधारित दुई सय चालीस वर्ष लामो राजतन्त्रलाई बिदा गऱ्यो, गणतन्त्र स्थापना भयो। हरेक निर्णायक मोडमा नेपाल ढलेको र जलेको मात्रै छैन। उठेको पनि छ, बनेको पनि छ। त्यसैले आजको 'जेन जी' प्रदर्शनका क्रममा भएको विध्वंसको 'अंश' छुट्याउने हो भने यो नयाँ पुस्ताले समान न्याय, समान अवसर र उत्तरदायी शासन मागेका छन्। विध्वंसकै कुरामा रुमल्लिनुभन्दा यो आवाजको शङ्खनाद सुनौं। समयमै सुनौं। अब यसलाई अवसरका रूपमा लिऔं, जसरी यस्तै सङ्कट आउँदा विश्वका अरु मुलुकले लिए।

धेरै विगतमा जाँदा दोस्रो विश्वयुद्धपछि पूर्णरूपमा ध्वस्त भएको जापान अनुशासन, नवप्रवर्तन र प्रविधिमा लगानी र स्पष्ट 'भिजन' लिएर अगाडि बढ्दा केही दशकमै विश्व आर्थिक शक्ति बन्यो। युद्धपछिको विनास र विभाजनपछि जर्मनी राजनीतिक सहमति र स्पष्ट पुनर्निर्माण योजनाको कारण फेरि युरोपको बलियो अर्थतन्त्र बन्यो। सन् १९९४ को नरसंहार (करिब १० लाख मानिस मारिएको भनिएको) पछि असम्भव जस्तो लाग्ने रुवाण्डामा पुनर्मिलन र सुशासन सम्भव भयो। युद्धपछि दक्षिण कोरिया (१९५०-५३) गरिब कृषिप्रधान देशबाट शिक्षा र औद्योगीकरणमा लगानी गर्दै लोकतान्त्रिक अभ्यासमार्फत केही दशकमै विश्वकै उच्च आय भएको राष्ट्र बन्यो। फेरि दक्षिण कोरियामै सन् १९६० को 'अप्रिल रिभोलुसन' भनेर चिनिने विद्यार्थी आन्दोलनले अधिनायकवादी शासनको ठाउँमा लोकतन्त्रको बाटो तय गऱ्यो।

त्यस्तै ट्युनिसियामा सन् २०१०-११ मा युवाले गरेको 'अरब स्प्रिङ' आन्दोलन लोकतान्त्रिक संरचनाको आधार तयार गऱ्यो। ट्युनिसियामा २३ वर्ष शासन गरेका जिन एल आबेदिन बेन अलीयस सत्ता च्युत भए। यसको उभार इजिप्ट, लिबिया, सिरिया, यमन, बहरेनसम्म फैलियो। त्यसको परिणाम स्वरुपम इजिप्टमा ३० वर्ष एकछत्र शासन गरेका होस्नी मुबारक, लिबियामा मुअम्मर गद्दाफीको ४२ वर्ष लामो शासन अन्त्य भयो। सिरिया, एमन र बहराइनले समयको आवाज नसुन्दा अझै पनि त्यहाँ सङ्कट र अस्थिरताबाट पार पाउन सकिएको छैन।

यी सबै उदाहरणले सम्हालिएर अगाडि बढेमा ध्वस्त भएको समाज पनि आशा र स्पष्ट रणनीति भयो भने चाँडै पुनः निर्माण हुन्छ र अझ सुखद समय आउँछ भन्ने देखाउँछन्। नेपालले पनि बारम्बार सङ्कटको सामना गरेको छ, तर हरेक पटक उठेका छौं। यसर्थ, हरेक असहज परिस्थितिबाट उठ्ने क्षमता नेपाली समाजको मूल पहिचान हो। अहिले युवाको भावनाअनुसार 'सुशासन र भ्रष्टाचारविहीन' समाज बनाउने हो भने यी भत्केका भवन चाँडै ठडिनेछन्। बिथोलिएको आत्मबल फेरि बलियो गरी उभिने छ। अब केवल सरकारको स्पष्ट दृष्टिकोण, इच्छाशक्ति र त्यसमा लामो अनुभव तथा योगदान भएका राजनीतिक दलले शान्तिपूर्ण सहजीकरण गर्न आवश्यक छ। आफ्ना असहमतिलाई शालीन र नवीन ढङ्गले मुखरित गर्दै 'बडो जुक्तिले प्राप्त अवसर' को सदुपयोग गर्नसके फेरि अवसरले पछ्याउने छन्।

निष्कर्षमा भन्नुपर्दा अहिले जलेका र ढलेका संरचना मात्रै नदेखौं, हाम्रो अगाडि झल्झली उज्यालो दिने अवसरको दीपलाई पनि देखौं। आक्रोश र असन्तोषको छाया मात्र नदेखौं, उज्यालो भविष्यतर्फको सम्भावना पनि चिनौं। नेपालका युवाले उठाएका आवाजलाई व्यवस्थापन गर्न संवाद र सहमतिको बाटो समातौं। एकता, सहअस्तित्व, सामाजिक सहिष्णुता, अग्रगामी राजनीतिक चेत र सुशासनमा जोड दिएमा पुनर्जागरण सम्भव छ। पक्कै यो समय हटेर जानेछ किनकि सङ्कट अस्थायी हो, तर आशा स्थायी। यही आशाले नेपाललाई नयाँ बिहानतर्फ लैजानेछ।

## विश्व समाचार

### अफगान सीमा नजिक पाकिस्तानी सेनाको कारवाहीमा ३१ तालिबान लडाकूको मृत्यु

इस्लामाबाद, ३१ भदौ (रासस/एएफपी)।

पाकिस्तानी सेनाले अफगानिस्तानसँगको सीमा नजिक दुई अलग कारबाहीमा ३१ जना स्थानीय तालिबान लडाकू मारिएको दावी गरेको छ। हाल ती क्षेत्रमा तालिबानको उपस्थिति बढ्दो क्रममा रहेको अधिकारीहरूले बताएका छन्। यो कारबाही शनिबार भएको आक्रमणपछि भएको हो। शनिबार भएको आक्रमणमा पाकिस्तानी तालिबान (टिटिपी) ले दावी गरेअनुसार छिमेकी जिल्लामा १२ जना सैनिक मारिएका थिए। सेनाले सोमबार ढिलो सार्वजनिक गरेको विज्ञप्तिमा सप्ताहन्तमा ३१ जना 'ख्वारिज' मारिएको जनाइएको छ। 'ख्वारिज' शब्द हाल अधिकारीहरूले टिटिपी लडाकूहरूलाई सम्बोधन गर्न प्रयोग गर्दै आएका छन्। विज्ञप्तिमा पाकिस्तानले भारतमाथि आतङ्कवादीहरूलाई सहयोग गरेको आरोप लगाएको छ। दुई आणविक शक्ति भएका छिमेकी मुलुकहरू पाकिस्तान र भारतले लामो समयदेखि एकअर्कालाई आतङ्कवादी समूहहरूलाई समर्थन गरेर अस्थिरता सिर्जना गरेको आरोप लगाउँदै आएका छन्। सेनाले उक्त क्षेत्रमा 'भारतद्वारा प्रायोजित अन्य आतङ्कवादीहरूलाई समाप्त गर्न सफाइ अभियान सञ्चालन भइरहेको' पनि जनाएको छ।

सन् २०२१ मा अफगान तालिबान काबुलमा सत्तामा फर्किएपछि अफगान सीमा क्षेत्रमा आतङ्कवादी गतिविधि बढेको हो। सुरक्षा अधिकारीहरूका अनुसार पछिल्ला दुई महिनामा टिटिपी लडाकूहरूको उपस्थिति अझै बढेको छ। टिटिपी अफगान तालिबानबाट अलग भए पनि नजिकको सम्बन्ध राख्ने समूह हो। यसले पाकिस्तानभित्रै सुरक्षा बलहरू विरुद्ध आक्रमण गर्दै आएको छ। इस्लामाबादले अफगानिस्तानमाथि उसका आतङ्कवादीहरूले पाकिस्तानमा आक्रमण गर्न अफगान भूमिको प्रयोग गरेको आरोप लगाउँछ। तर काबुलका अधिकारीहरूले यस्तो आरोप अस्वीकार गर्दै आएका छन्। एएफपीको तथ्याङ्कअनुसार यस वर्ष मात्रै उत्तरपश्चिमी खैबर पख्तुनख्वा र दक्षिणी बलुचिस्तान प्रान्तमा सशस्त्र समूहका आक्रमणमा चार सय ६० भन्दा बढी मानिस मारिएका छन्। इस्लामाबादस्थित सेन्टर फर रिसर्च एन्ड सेक्युरिटी स्टडिजका अनुसार गत वर्ष लगभग एक दशकयताकै सबैभन्दा घातक सावित भएको थियो। त्यस वर्षमा मात्र एक हजार छ सयभन्दा बढी मानिस मारिए। त्यसमा आधाभन्दा धेरै सैनिक र प्रहरी अधिकारीहरू परेका थिए।

### न्युयोर्क टाइम्सविरुद्ध १५ अर्ब डलरको मानहानि मुद्दा हाल्ने ट्रम्पको घोषणा

वासिङ्टन, ३१ भदौ (रासस/एएफपी)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले न्युयोर्क टाइम्सविरुद्ध १५ अर्ब डलरको 'मानहानि र बदनामी मुद्दा' दायर गर्ने घोषणा गर्नुभएको छ। "न्युयोर्क टाइम्सलाई स्वतन्त्र रूपमा झूट बोल्न, धब्बा लगाउन र मलाई धेरै लामो समयसम्म बदनाम गर्न अनुमति दिइएको छ, तर अब त्यो रोकिन्छ !" उहाँले सोमबार आफ्नो 'ट्रुथ सोसल' प्लेटफर्ममा लेख्नुभएको थियो। मुद्दा फ्लोरिडामा दायर गरिएको जनाइएको छ। एएफपीले टिप्पणीका लागि न्युयोर्क टाइम्सलाई सम्पर्क गरेको छ। ट्रम्पले उक्त समाचारपत्रलाई 'रेडिकल लेफ्ट डेमोक्रेट पार्टीको भर्चुअल मुखपत्र' भन्दै निन्दा गर्नुभएको छ। उहाँले यसले आफ्नो परिवार, व्यवसाय, 'अमेरिका फर्स्ट' आन्दोलन, मेगा अभियान र समग्रमा राष्ट्रबारे झूट बोल्दै आएको आरोप लगाउनुभयो, तर कुनै प्रमाण भने प्रस्तुत गर्नुभएन।

गत हप्ता एक समाचार माध्यमले ट्रम्पले यौन अपराधी जेफ्री एपस्टेनलाई दिइएको अश्लील जन्मदिन नोटसम्बन्धी लेखका विषयमा कानुनी कारबाही गर्ने चेतावनी दिएको रिपोर्ट प्रकाशित गरेको थियो। ट्रम्पले भने उक्त नोट लेखेको अस्वीकार गर्नुभएको छ। ह्वाइट हाउस फर्किएपछि ट्रम्पले आफ्नो प्रशासनको आलोचना गर्ने पत्रकारलाई बारम्बार गाली गर्ने, पहुँच रोक्ने र मुद्दा दायर गर्ने क्रममा परम्परागत मिडियामाथि आक्रमण तीव्र पार्नुभएको छ। एपस्टेनसँगको मित्रताको बारेमा लेख प्रकाशित गरेपछि उहाँले गत जुलाइमा मिडिया म्याग्नेट रुपर्ट मर्डोक र 'द वाल स्ट्रिट जर्नल' विरुद्ध कम्तीमा १० अर्ब डलरको मुद्दा दायर गर्नुभएको थियो। सोही महिना, प्यारामाउन्टले सिबिएस न्युजको '६० मिनेट' कार्यक्रममा चुनावी कभरेजसम्बन्धी ट्रम्पको मुद्दा एक करोड ६० लाख डलरमा सुल्झाएको थियो। ट्रम्पले कार्यक्रमले आफ्नो सन् २०२४ को चुनावी प्रतिद्वन्द्वी कमला ह्यारिससँगको अन्तर्वार्तालाई उहाँको विपक्षमा भ्रामक तरिकाले सम्पादन गरेको आरोप लगाउनुभएको थियो।

### इजरायली कारबाहीको राष्ट्रसंघद्वारा कडा निन्दा

न्युयोर्क, ३१ भदौ (रासस/क्युएनए)।

गाजामा पछिल्लो दुई दिनयता इजरायली सैन्य कारबाही तीव्र बनेपछि संयुक्त राष्ट्रसङ्घले यसलाई कडा शब्दमा निन्दा गरेको छ। यस आक्रमणमा दर्जनौं मानिसको मृत्यु हुनुका साथै धेरै घाइते भएको जनाइएको छ। संयुक्त राष्ट्रसङ्घका प्रवक्ता स्टेफन डुजारिकले गाजा पट्टीमा 'चरम भोकमरी र कठिनाइ झेलिरहेका' नागरिकहरूमा यस वृद्धिको विनाशकारी प्रभाव परेको बताउनुभयो। उहाँले आफ्नो दैनिक पत्रकार सम्मेलनमा नागरिक र मानवीय कामदारहरूको सुरक्षा सुनिश्चित गर्न तथा अन्तर्राष्ट्रिय कानूनको सम्मान गर्न आह्वान गर्नुभयो। डुजारिकले युएनआरडब्लुएका आयुक्त-जनरल फिलिप लाजारिनीको वक्तव्य उद्धृत गर्दै गाजा सहरमा एजेन्सीसँग सम्बन्धित १० भवन चार दिनमै बम प्रहारबाट नष्ट भएको जानकारी दिनुभयो। तीमध्ये सात वटा विद्यालय र दुई वटा स्वास्थ्य क्लिनिक रहेका थिए, जसलाई हजारौं विस्थापित व्यक्तिहरूले आश्रयका रूपमा प्रयोग गरिरहेका थिए।

उनीका अनुसार दक्षिणतर्फ जान उपलब्ध एक मात्र मार्ग राशिद रोड अत्यधिक भीडभाडयुक्त भएको छ। विस्थापित व्यक्तिहरू त्यही बाटो प्रयोग गर्न बाध्य छन्। तर मानवीय मामिला समन्वयका लागि संयुक्त राष्ट्रसङ्घीय कार्यालय (ओसिएचए) ले दक्षिणतर्फ सर्नका लागि लागत बढेर एक हजार छ सय डलरसम्म पुगेकाले धेरै मानिस त्यो खर्च बेहोर्न नसकी गाजाको उत्तरी भागमै बस्न बाध्य भएको जनाएको छ। डुजारिकले सुरक्षित र दिगो मानवीय पहुँचबिना विशेष गरी बालबालिकामा भोकमरी चर्किने चेतावनी दिनुभयो। उहाँले संयुक्त राष्ट्रसङ्घका साझेदारहरूलाई उद्धृत गर्दै गाजा सहरका एक तिहाइ कुपोषण उपचार केन्द्रहरू जबरजस्ती विस्थापन आदेशका कारण बन्द भएको पनि जानकारी दिनुभयो।

# मैथिल महिलाद्वारा श्रद्धाञ्जली व्यक्त



**दैनिक समाचारदाता**
**राजविराज, ३१ भदौ ।**

मैथिल महिला परिषद सप्तरीले मंगलवार राजविराजमा जेनजी आन्दोलनका शाहिदहरु प्रति श्रद्धाञ्जली व्यक्त गर्दै मैनबती प्रज्वलन गरेका छन् ।

मैथिली महिला परिषद सप्तरीको अगुवाइमा महिलाहरुले राजविराजस्थित दशन (नेता) चौकमा मैनबत्ती प्रज्वलन गरेका हुन् । उक्त अबसरमा सहभागीहरुले एक मिनट मौन धारण समेत गरेका थिए ।

सो अवसरमा परिषदकी अध्यक्षा मालती चौधरीले भनिन– “विश्वकै इतिहासमा नभएको आन्दोलन गरेर जेनजीहरुले साबित गरि दिए कि युवाले चाहेमा जहिले पनि जहाँ पनि परिवर्तन सम्भव हुन्छ ।” भ्रष्टाचारमा आकंठ डुबेको देशलाई युवाहरुको आन्दोलनले मात्र सही बाटोमा ल्याउन सक्ने भएको भन्दै अध्यक्षा चौधरीले अब ठूला राजनीतिक दलका पुराना र शिर्ष नेताहरु सच्चिनु पर्दछ भनी आन्दोलनको पक्षमा वकालत गरेकी छिन ।

परिषद विगतका प्रजातान्त्रिक लोकतान्त्रिक र गणतान्त्रिक आन्दोलनमा सक्रिय सहभागिता जनाउँदै आएको छ ।

# निर्वाचन र पुनःनिर्माणका लागि बजेट स्रोत खोज्न तीन सदस्यीय कार्यदल गठन

काठमाडौँ, ३१ भदौ (रासस) ।

जेनजी प्रदर्शनका क्रममा क्षति पुगेका भौतिक संरचनाको पुनःनिर्माण र आगामी फागुन २१ गतेका लागि तय भएको प्रतिनिधिसभाको निर्वाचनका लागि बजेटको स्रोत खोज्न अर्थमन्त्रालयले तीन सदस्यीय कार्यदल गठन गरेको छ ।

बजेट तथा कार्यक्रम महाशाखा प्रमुख सुमन दाहाल, वैदेशिक सहायता समन्वय महाशाखा प्रमुख धनीराम शर्मा र राजस्व व्यवस्थापन महाशाखा प्रमुख उत्तरकुमार खत्री कार्यदलमा हुनुहुन्छ ।

अर्थ मन्त्रालयका प्रवक्ता टङ्कप्रसाद पाण्डेयका अनुसार अहिलेका बजेटमा परेका केही योजना र कार्यक्रम कटौती गरेर कसरी स्रोत व्यवस्थापन गर्न सकिन्छ भनेर आन्तरिक अध्ययनका लागि कार्यदल गठन भएको बताउनुभयो । “चुनाव र पुनःनिर्माणका लागि केही बजेट चाहिन्छ । त्यसका लागि स्रोत जुटाउन अहिलेकै बजेटभित्र रहेर कसरी व्यवस्थापन गर्न सकिन्छ र सम्भावनाका क्षेत्र कुन–कुन छन् भनेर अध्ययन गर्नका लागि कार्यदल बनाइएको हो”, प्रवक्ता पाण्डेयले राससससँग भन्नुभयो, “बजेटका केही आयोजना तथा कार्यक्रम कटौती गर्नुपर्ने हुनसक्छ । त्यसको प्राथमिकता निर्धारण गर्ने कार्याधिकार कार्यदलले पाएको छ ।”

सोमबार कार्यभार सम्हाल्दै नवनियुक्त अर्थमन्त्री रामेश्वरप्रसाद खनालले चालु आर्थिक वर्ष २०८२/८३ को बजेटमा राजनीतिक दबाबमा बजेटमा परेका, पूर्वतयारी नसकिएका, टुक्रे योजना तथा कार्यक्रम कटौती गरिने बताउनुभएको थियो । सरकारले पूरक बजेट नल्याउने र अहिलेको बजेटमा परेका योजना तथा कार्यक्रम कटौतीबाटै निर्वाचन र पुनःनिर्माणका लागि करिब रु एक खर्ब बराबर स्रोत जुटाउन सकिने अर्थमन्त्री खनालको भनाइ थियो ।

# सञ्चारगृहमा भएका क्षतिको महासंघद्वारा अनुगमन

**दैनिक समाचारदाता**
**काठमाडौँ, ३१ भदौ ।**

जेनजी प्रदर्शनका क्रममा सञ्चारगृहहरूमा पनि क्षति पुगेको छ । आन्दोलनका क्रममा कान्तिपुर टेलिभिजन, कान्तिपुर पब्लिकेसन, अन्नपूर्ण पोष्ट, थाहासञ्चार नेटवर्कलगायत सञ्चारगृहमा क्षति पुगेको छ । संरचनालाई प्रतीकात्मक रूपमा देखाएर सञ्चारगृहले सेवा दिई रहेका छन् ।

सञ्चारगृहमा भएको क्षतिको नेपाल पत्रकार महासङ्घले अनुगमन गरेको छ । सोमबार स्थलगत अनुगमन गर्दा सञ्चारकर्मीले भौतिक संरचना ध्वस्त भए पनि पत्रकारितालाई जीवित राखेर लोकतन्त्रको रक्षा गरेको महासङ्घले निष्कर्ष निकालेको छ ।

यद्यपि आन्दोलनका क्रममा सञ्चारगृहका भौतिक संरचनामा क्षति पुगेका साथै पत्रकारहरूमाथि शारीरिक कुटपिट हुनु अत्यन्त निन्दनीय रहेको महासङ्घले जनाएको छ ।

आन्दोलनमा ठूलो भौतिक र शारीरिक क्षति पुगे पनि सूचना प्रवाहमा पत्रकारिताको दायित्व कायम राख्नु प्रशंसनीय रहेको महासङ्घका अध्यक्ष निर्मला शर्माले बताउनुहुन्छ ।

सञ्चारगृह र पत्रकारमाथि भएको क्षतिको अनुगमनको विस्तृत प्रतिवेदन केही समयपछि प्रकाशन गरिने महासङ्घका अध्यक्ष शर्माले जानकारी दिनुभयो । उहाँका अनुसार कान्तिपुर, अन्नपूर्ण पोष्ट, कान्तिपुर एफएमलगायत केही सञ्चारगृहमा नियोजित ढङ्गले तोडफोड र आगजनी गरिएको पाइएको छ ।

त्यसैगरी उपत्यका बाहिर पनि पत्रकार र केही सञ्चारगृहमा क्षति पुगेको छ । जेनजीको प्रदर्शनको बहानामा आ–आफ्नो स्वार्थ लिएका समूहले सञ्चारगृहमाथि तोकेर आक्रमण गरेको पाइएको उहाँले बताउनुभयो । महासङ्घको अनुगमनपछि सरकारसमक्ष घाइते पत्रकारहरूलाई तत्काल र दीर्घकालीन उपचारको व्यवस्था गर्नाका साथै मिडियामाथि भएको तोडफोडको क्षतिपूर्तिको माग गर्ने निर्णय गरेको अध्यक्ष शर्माको भनाइ छ ।

***आन्दोलनका ...***

दुवै जनालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयबाट जारी विज्ञप्तिमा जनाइएको छ ।

भाडाको घरमा रहेको लोकसेवा आयोगको कार्यालयभित्र चारपाङ्ग्रे गाडी चारथान, मोटरसाइकल चारथान, सिसीटिभी क्यामरा र कार्यालयमा तोडफोड तथा आगजनी भएको छ ।

# सात सय पाँच कैदीबन्दी पक्राउ

**दैनिक समाचारदाता**
**सुनसरी, ३१ भदौ ।**

सुनसरी रामधुनी नगरपालिका ५ स्थित झुम्का कारागारबाट भागेकामध्ये सोमबार साँझसम्ममा ७०५ जना कैदीबन्दी पक्राउ परेका छन् ।

यही २३ र २४ गते भएको ‘जेनजी’ प्रदर्शनपछि उत्पन्न परिस्थितिका कारण एक हजार ५७२ जना कैदीबन्दी भागेकामा अहिलेसम्ममा ७०५ जना पक्राउ परेका जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक सुमनकुमार तिम्सनाले जानकारी दिएका छन् ।

उनका अनुसार प्रदर्शनका क्रममा भदौ २४ गते राति १०० बढीको सङ्ख्यामा आएका प्रदर्शनकारीले झुम्का कारागार प्रवेश गरेर क्षति पुऱ्याउन थालेपछि कैदीबन्दी भागेका थिए ।

कारागारमा बाहिरबाट युवाको दबाब र भित्रका कैदीबन्दीले आगो लगाउने धम्की दिएपछि करागार प्रशासनले थप क्षति हुन नदिन प्रवेशद्वारमा सुरक्षा व्यवस्था खुकुलो गराइएको प्रहरी उपरीक्षक तिम्सनाले उल्लेख गरे । उनका अनुसार करागारमा रहेका दुई वटा ब्लकमध्ये २२७ बाहेक एकैसाथ एक हजार ५७२ जना कैदीबन्दी भागेका थिए ।

कारागारमा भारतीय तथा विदेशी ६५ जनासहित बाँकी नेपाली कैदी रहेकामा सबै भारतीय कैदीबन्दी भागेका उपरीक्षक तिम्सनाले जानकारी दिए । सोमबार रातिसम्ममा ७०५ जनालाई नियन्त्रणमा लिइएको बताउँदै उहाँले अन्यको खोजीकार्य जारी रहेको उल्लेख गरे ।

***सिरहामा ३७ ...***

नगरपालिकाका मेयर शिवशङ्कर महतो र गोलबजार–६ का वडाध्यक्ष सञ्जीव लामाका निजी सम्पत्तिमा पनि क्षति पुगेको प्रनाउ पासवानले जानकारी दिए ।

प्रहरीका आठ वटा चौकीमा तोडफोड तथा १० वटा चौकीमा आगजनी गरिएको छ । साथै, प्रहरीले प्रयोग गर्दै आएका तीनवटा चारपाङ्ग्रे र छवटा दुईपाङ्ग्रे सवारीसाधनमा तोडफोड गरिएको छ । तीनवटा मोटरसाइकल पूर्ण रूपमा जलाइएको छ । आन्दोलनको क्रममा तीनवटा सञ्चार सेटहरूमा क्षति पुगेको प्रहरीले जनाएको छ ।

प्रदर्शनमा नौ जना प्रहरी सामान्य घाइते भएका छन् भने सर्वसाधारणतर्फ कुनै मानवीय क्षति नभएको जनाइएको छ । क्षतिको विवरण सङ्कलन जारी छ ।

# उच्च मनोबलका साथ काममा खटिन गृहमन्त्रीको निर्देशन

काठमाडौँ, ३१ भदौ (रासस) ।

गृहमन्त्री ओमप्रकाश अर्यालले उच्च मनोबलका साथ काममा खटिन ट्राफिक प्रहरीलाई निर्देशन दिनुभएको छ । उहाँले मंगलबार काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयको निरीक्षण गर्दै उक्त निर्देशन दिनुभएको हो ।

सोही क्रममा गृहमन्त्री अर्याललाई काठमाडौँ उपत्यका प्रहरी कार्यालयका प्रमुख, प्रहरी अतिरिक्त महानिरीक्षक दानबहादुर कार्की, काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालय प्रमुख, प्रहरी वरिष्ठ उपरीक्षक नवराज अधिकारीलगायतले ट्राफिक प्रहरी कार्यालयको पछिल्लो अवस्थाका बारेमा जानकारी गराउनुभएको थियो ।

सो अवसरमा गृहमन्त्री अर्यालले ट्राफिक प्रहरीका भवन निर्माणलगायतमा सरकारले पूर्ण सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । यही भदौ २३ र २४ गते भएको ‘जेनजी पुस्ता’को प्रदर्शनका क्रममा काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालय, ट्राफिक पोसाक र साधनसमेत जलेर नष्ट भएका थिए ।

# उच्च मनोबलका साथ अगाडि बढ्न उद्योगीलाई सरकारको आग्रह

काठमाडौँ, ३१ भदौ (रासस) ।

सरकारले उद्योगीलाई उच्च मनोबलका साथ अगाडि बढ्न आग्रह गरेको छ । उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिवद्वय डा रामप्रसाद घिमिरे र कृष्णबहादुर राउतले निजी क्षेत्रका प्रतिनिधिमूलक संस्थासँग गर्नुभएको छलफलमा मुलुकलाई नयाँ ढङ्गबाट अगाडि बढाउन निजी क्षेत्रको सहयोग आवश्यक रहेको बताउनुभयो । उहाँहरूले निजी क्षेत्रलाई विद्यमान अवस्थाबाट अगाडि बढाउन आवश्यक सहयोग गर्न मन्त्रालय प्रतिबद्ध रहेको प्रतिबद्धता जनाउनुभयो ।

सचिवद्वयले आउँदै गरेको चाडपर्वलाई मध्यनजर गर्दै आवश्यक खाद्यान्नलगायत सामग्री पर्याप्त मौज्दात रहेकाले कुनै अभाव नहुने जानकारी दिनुभयो । उहाँहरूले माग, आपूर्ति र प्रतिकूल प्रभाव पार्नेगरी वस्तु सञ्चित नगर्न/नगराउन उत्पादक, पैठारीकर्ता, ढुवानीकर्ता, बिक्रेतालगायत सरोकार भएका सबैलाई अनुरोध गर्नुभयो ।

मन्त्रालयले आपूर्ति व्यवस्थामा ठूलो असर नपर्ने देखिएकाले वस्तु अनावश्यक रूपमा सञ्चित नगर्न सर्वसाधारणमा आग्रह गरेको छ । परिस्थिति सामान्य बन्दै गएकाले निजी क्षेत्रलाई आफ्ना उद्योग व्यवसाय सञ्चालन गर्न उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले आह्वान गरेको छ ।

मन्त्रालयले आयात सहज गर्न कोरला नाका खुला गरिएको तथा सो नाकाबाट ठूलो मात्रामा सामान भित्रिरहेको जानकारी गराउँदै तातोपानी नाका खुलाउन प्रयास भइरहेको जनाएको छ । साथै दक्षिणतर्फका नाकासमेत नियमित सञ्चालनमा आइसकेको सचिवद्वय घिमिरे र राउतले जानकारी दिनुभयो ।

छलफलमा परिसङ्घका अध्यक्ष वीरेन्द्रराज पाण्डेले अहिलेको विषम् परिस्थितिमा मुलुक अप्ठचारोमा परेकाले अर्थतन्त्र उकास्न सबैसँग सहकार्य र समन्वय गरी सहज वातावरण बनाउन आवश्यक रहेकामा जोड दिनुभयो ।

उहाँले उत्पादनमूलक उद्योग, होटेल तथा रिटेल चेन तथा साना व्यवसाय तथा उद्योगी व्यवसायीका निजी आवास तथा भवनमा भएको आगजनी, लुटपाट तथा तोडफोड गरी निजी क्षेत्रलाई निराश बनाए पनि नयाँ हौसलासहित उठ्ने प्रयास गरिएको बताउनुभयो । सरकारसँग नजिक रहेर काम गर्न निजी क्षेत्र प्रतिबद्ध रहेको बताउँदै उहाँले निजी क्षेत्रलाई आत्मविश्वासिलो बनाउनुपर्नेमा जोड दिनुभयो ।






**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शंखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१–५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*